# बागमती गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय
भट्टेडाँडा, ललितपुर
बागमती प्रदेश, नेपाल

# चमेना गृह सञ्चालन सम्बन्धी सिलबन्द बोलपत्र आव्हानको सूचना

(तेस्रो पटक प्रकाशित मिति २०८३।०४।१४)

बागमती गाउँपालिकाको गाउँ कार्यपालिकाको मिति २०८३/०२/०९ गतेको बैठकको निर्णय बमोजिम गाउँपालिका प्रशासनिक भवन परिसर भित्र गाउँपालिका कर्मचारी तथा सेवा ग्राहीको सुविधाको लागी चमेना गृह सञ्चालन गर्ने कार्य ठेक्का बन्दोबस्तद्वारा गर्नुपर्ने भएकोले तपसिलमा उल्लेखित शर्त बन्देजको अधिनमा रही उक्त कार्य गर्न चाहने योग्य इच्छुक नेपाली नागरिक वा दर्तावाला संस्थाले देहायका शर्त बन्देजको अधिनमा रही शिलबन्दी दरभाउ पत्र पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ।

**शर्त बन्देज**

१. यस सम्बन्धी दरभाउ पत्र फारम रू. १,०००।- (एक हजार मात्र) (पछि फिर्ता नहुने) तिरी बागमती गाउँ कार्यपालिकाको राजस्व शाखाबाट प्राप्त गर्न सकिने छ वा गाउँपालिका राजस्व शाखामा यस कार्यालयको कुमारी बैंक, बागमती शाखा स्थित बैंक खातावालाको नाम बागमती गाउँपालिका आन्तरिक राजस्व खाता ग. १.१ (Bagmati Gaupalika Antarik Rajaswo Khata Ga 1.1), खाता नं. ०७९००३४६९४२००००७, शीर्षक नं. १४२२९ मा जम्मा गरेको सक्कलै भौचर पेश गरी प्राप्त गर्न सकिनेछ ।

२. यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र कार्यालय समय सम्ममा दरभाउ पत्र फारम खरिद गर्न र यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ८ औं दिनको १२:०० बजे भित्रमा शिलबन्दी दरभाउ पत्र फारम बागमती गाउँ कार्यपालिकाको कार्यालयमा दर्ता गर्न सकिने छ साथै दर्ता भएका दरभाउपत्रहरू सोही दिन १:०० बजे बागमती गाउँपालिकाको कार्यालयमा खोलिने छ।

३. दरभाउ पत्रसाथ आफुले कबोल गरेको कुल रकमले हुन आउने दश प्रतिशत वा सो भन्दा बढि रकम यस कार्यालयको कुमारी बैंक, बागमती शाखा स्थित बैंक खातावालाको नाम बागमती गाउँपालिका - धरौटी खाता ग. ३ (Bagmati Gaupalika –Dharauti Khata Ga.3), खाता नं. ०७९००३४६९४२००००४ मा जम्मा गरेको सक्कलै भौचर धरौटीका रूपमा समावेश गरेको हुनुपर्ने छ।

४. उक्त सम्झौता प्रत्येक वर्षमा नवीकरण गरिनेछ।

५. दरभाउ पत्रदाताले बढिमा आ.व. २०८४/०८५ सम्म दुई आर्थिक वर्षको लागि तथा गाउँ कार्यपालिकाको निर्णय बमोजिम बढीमा एक वर्ष म्याद थप गर्न सक्ने गरी उक्त कार्य गर्न पाउने गरी यस कार्यालयलाई बुझाउन सक्ने रकम अंक र अक्षर दुवैमा स्पष्ट रूपमा उल्लेख गरेको हुनुपर्नेछ।

६. स्वीकृत दरभाउपत्रवालाले आफुले कवोल गरेको ठेक्का रकम अग्रिम त्रैमासिक रुपमा बुझाउनु पर्नेछ।

७. दरभाउ पत्रफारम दाखिला गर्ने र खोल्ने दिन सार्वजनिक विदा परेमा क्रमशः सो को भोलिपल्ट हुनेछ। साथै दरभाउ पत्र खोल्ने दिन दरभाउ पत्रदाताको प्रतिनिधि अनुपस्थित रहे पनि दरभाउपत्र खोल्न कुनै बाधा परेको मानिने छैन।

८. संस्थागत आवेदकका हकमा आफु त्यस्तो दरभाउ पत्र दाखिला गर्न अयोग्य नभएको भनि स्वयम घोषणा पेश भएको हुनुपर्ने छ। साथै नवीकरण गरिएको इजाजत पत्र, मु.अ.क. दर्ता प्रमाण पत्र, स्थायी लेखा नं. दर्ता प्रमाण पत्र र आ.व. २०८२/०८३ सम्मको कर चुक्ता प्रमाण पत्र दाखिला गरिएको हुनुपर्ने छ।

९. कुनै पनि दरभाउ पत्र विना कारण पूर्ण वा आशिक रूपमा स्वीकृत वा अस्विकृत गर्ने अधिकार यस कार्यालयमा सुरक्षित रहने छ।

१०. यो सूचना यस कार्यालयको website www.bagmatimunlalitpur.gov.np वा गाउँ कार्यपालिका कार्यालयको सूचनापाटीमा हेर्न सकिने छ।

११. चमेना गृहका परिकारहरु र परिकारका दरहरु बागमती गाउँपालिकाको चमेनागृह व्यवस्थापन कार्यविधि, २०८३ मा भए बमोजिम हुनेछ ।

१२. यस सूचनामा नपरेका कुराहरूका हकमा "सार्वजनिक खरिद ऐन, २०६३, सार्वजनिक खरिद नियमावली, २०६४" र "बागमती गाउँपालिकाको चमेनागृह व्यवस्थापन कार्यविधि, २०८३", बमोजिम हुनेछ।

कामको विवरण

| क्र.सं. | कामको विवरण | न्यूनतम मासिक भाडा कबोल अंक (बहाल कर बाहेक) | कैफियत |
|---|---|---|---|
| १ | बागमती गाउँपालिकाको चमेना गृह सञ्चालन | रु १०,०००।- | |

**- प्रमुख प्रशासकीय अधिकृत**